# झोलुङ्गे पुल उप-क्षेत्र कार्यक्रम

## (Trail Bridge Sub Sector Programme-TBSSP)

## आ.व. २०८१/०८२

# बार्षिक प्रगती प्रतिवेदन

**तयार गर्ने:**

दिगो विकासका लागि नागरिक मञ्च (सिविक फोरम)

सम्पर्क कार्यालय :

धुलिखेल–३, पिपलबोट मार्ग, घर नं.४२०

फोन : ०११–४९०७४४, मोवाईल : ९८५१२५४७६२

ईमेल : info@civicforum.org.np

वेवसाईट : www.civicforum.org.np

CIVIC FORUM

कार्यक्रम : झोलुङ्गे पुल उप-क्षेत्र कार्यक्रम **(Trail Bridge Sub Sector Programme -TBSSP)**

**१.० कार्यक्रमको चिनारी :**

नेपाल सबै गाउँ तथा बस्तीहरुमा सडक सञ्जालसंग जोड्न सकिएको छैन । ग्रामीण क्षेत्रका बासिन्दाहरुको लागि एउटा अत्यन्त महत्वपूर्ण र भरपर्दो यातायाताका साधनको रुपमा पैदलमार्ग नै रहेको छ । पैदलमार्गमा पर्ने नदी र खोलाहरु तर्न सुरक्षित साधनको रुपमा झोलुङ्गे पुलको निर्माण हुँदै आइरहेको छ । नेपालमा झोलुङ्गे पुलको निर्माणमा नेपाल सरकार, स्थानीय निकाय, समुदाय लगायत विभिन्न मित्रराष्ट्र र दातृ संस्थाहरुको सहयोग निरन्तर रुपमा प्राप्त हुँदै आइरहेको छ । विभिन्न मित्रराष्ट्र र दातृ संस्थाहरुको सहयोगमा फरक-फरक ढंगले कार्यक्रमहरु संचालन हुने गरेकोले अपेक्षा अनुसारको प्रतिफल प्राप्त हुन सकेको छैन । अतः नेपाल सरकार, स्थानीय निकायहरु तथा दातृ संस्थाहरुका बीचमा समन्वय र एकरुपता कायम गर्नु पर्ने आवश्यकता महसुस गरी नेपाल सरकार र दातृ संस्थाहरु बीच ग्रामीण यातायात पूर्वाधार क्षेत्रमा नेपाल सरकार कै नीति र कार्यक्रम संचालन प्रक्रिया तथा नेपाल सरकार कै अग्रसरतामा कार्यक्रम संचालन गर्ने आशयको सहमति भएको छ ।

झोलुङ्गे पुल कार्यक्रम पूर्णरुपले विकेन्दीत कार्यक्रमको रुपमा संचालित भई सकेको र झोलुङ्गे पुलको योजना तर्जुमा, निर्माण तथा संचालन स्थानीय निकाय र लाभान्वित जनसमुदाय मार्फत नै हुने गरेको छ । झोलुङ्गे पुल कार्यक्रम कार्यान्वयनको लागि झोलुङ्गे पुल रणनीति, २०६२ तथा प्राविधिक र सामाजिक परिचालन सम्बन्धी दिग्दर्शनहरु समेत तयार भई कार्यान्वयन भई रहेको छ । झोलुङ्गे पुल कार्यक्रमलाई क्षेत्रगत कार्यक्रमको रुपमा संचालन गर्न आवश्यक रणनीति, दिग्दर्शन, स्टैन्र्डड, नर्म्स आदि सवै तयार अवस्थामा नै रहेकाले नेपाल सरकारले आ.व.२०६६/६७ देखि झोलुङ्गे पुल कार्यक्रमलाई क्षेत्रगत कार्यक्रमको रुपमा संचालन गर्ने निर्णय गरेको छ ।

**२.० कार्यक्रमको कार्यक्षेत्र** :

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत झोलुङ्गे पुलहरुको निर्माण तथा मर्मत सबै जिल्लाहरुमा संचालन गरिनेछ । लामो तरिको र छोटो तरिको सस्पेन्डेड तथा सस्पेन्सन झोलुङ्गे पुल, स्टिल ट्रस बृज तथा पहुँच मार्गको सुधार कार्यहरु झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको कार्यक्षेत्रमा पर्दछन् । झोलुङ्गे पुलहरुको नियमित मर्मत, बृहत मर्मत, पुनर्स्थापना/निर्णोद्धार तथा नयाँ निर्माण जस्ता सम्पूर्ण कार्यहरु झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको कार्यक्षेत्रमा पर्दछन् ।

**३.० कार्यक्रमको उद्देश्य :**

यस कार्यक्रमको मुख्य उद्देश्य एक घण्टा भन्दा बढीको फेरो लगाउनु नपर्ने गरी झोलुङ्गे पुलको निर्माण तथा मर्मत गरी स्थानीय जनतालाई नदी खोला तर्न सुरक्षित तथा भरपर्दो यातायातको सुविधा उपलब्ध गराई हाट/बजार, आधारभूत सेवा (स्वास्थ्य, विद्यालय, प्रशासनिक सेवा केन्द्र आदि) सामाजिक र सांस्कृतिक केन्द्रहरुमा पहुँच सुनिश्चित गराउनु रहेको छ ।

यस कार्यक्रमले समुदायलाई संगठित गरी विकास कार्यक्रमा अभिप्रेरित गर्नेछ र साथै स्थानीय स्तरमा ज्ञान र सीपमा अभिबृद्धि गर्नेछ । झोलुङ्गे पुल निर्माण कार्यले स्थानीय जनतालाई रोजगारी समेत उपलब्ध गराउने छ । यस कार्यक्रमले गरीबी निवारणमा टेवा पुऱ्याउने अपेक्षा राखेको छ ।

**४.० कार्यक्रमको संभागहरु :**

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत निम्न संभागहरुमा विभाजन गरिएको छ -

(क) छोटो तरिको झोलुङ्गे पुल : यस अन्तर्गत स्टील ट्रस तथा १२० मिटरसम्म लम्बाईका सस्पेन्डेड र सस्पेन्सन झोलुङ्गे पुलहरु पर्दछन् ।

(ख) लामो तिरको झोलुङ्गे पुल : यस अन्तर्गत १२० मिटर भन्दा बढी ३५० मिटरसम्म लम्बाईका सस्पेन्डेड र २८० मिटरसम्म लम्बाईका सस्पेन्सन झोलुङ्गे पुलहरु पर्दछन् ।

(ग) बिशिष्ट झोलुङ्गे पुल : यस अन्तर्गत ३५० मिटर भन्दा बढी लम्बाई सस्पेन्डेड र २८० मिटर भन्दा बढी लम्बाई सस्पेन्सन तथा प्राविधिक दृष्टिकोणले अत्यन्त चुनौतीपूर्ण र राष्ट्रिय दृष्टिकोणले महत्वपूर्ण झोलुङ्गे पुलहरु पर्दछन् ।

## ५.० काभ्रेपलाञ्चोक जिल्लामा झोलुङ्गे पुल उप-क्षेत्र कार्यक्रम अन्तर्गत संचालित गतिविधिहरु :

काभ्रेपलाञ्चोक जिल्लाको ९ वटा स्थानीय तहहरु धुलिखेल, पाँचखाल, मण्डनदेउपुर, नमोबुद्ध नगरपालिका र भुम्लु, चौरीदेउराली, रोशी, तेमाल, खानीखोला गाउँपालिका कार्यालय र दिगो विकासका लागि नागरिक मञ्च (सिविक फोरम), काभ्रेपलाञ्चोक बीच काभ्रेपलाञ्चोक जिल्लामा झोलुङ्गे पुलको नियमित मर्मत सम्भार, बृहत मर्मत, छोटो तरिको झोलुङ्गे पुलको नयाँ निर्माण तथा फलामे स्टिल ट्रस पुलको निर्माण तथा पहुँच मार्ग (Access Trail) निर्माणमा समुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग प्रदान गर्नको लागि भएको दुई पक्षीय कार्य प्रत्यायोजन सम्झौता अनुसार आ.व.२०८१/०८२ मा समुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग प्रदान गर्ने कार्य भएको छ।

### ५.१ आ.व.२०८१/०८२ मा झोलुङ्गे पुलहरु निर्माणमा सहयोग

स्थानीय तहहरुबाट आ.व.२०८१/०८२ मा सिविक फोरम संस्थालाई झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत तपसिलका पुल निर्माणमा समुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग प्रदान गर्नको लागि प्राप्त कार्यादेश अनुसार झोलुङ्गे पुलहरु निर्माणको लागि उपभोक्ता समिति मार्फत समुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग प्रदान गरिएको छ। निर्माण कार्य सम्पन्न भएका र क्रमागत पुलहरुको विवरण निम्नानुसार रहेको छ।

झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिको विवरण

| क्र.सं. | पुलको नाम | ठेगाना | खोलाको नाम | उपभोक्ता समितिको संख्या | | | उपभोक्ता समितिमा प्रतिनिधित्व संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा | दलित | जनजाति | ब्राम्हण/क्षेत्री/ठकुरी |
| १ | घट्टेखोला स्टिल ट्रस पुल | मण्डनदेउपुर नगरपालिका | घट्टेखोला | ३ | ४ | ७ | ० | १ | ६ |
| २ | भुत्तेढुङ्गा स्टिल ट्रस पुल | चौरीदेउराली गाउँपालिका | बहखोला | ४ | ५ | ९ | १ | २ | ६ |
| ३ | गोथे खेत स्टिल ट्रस पुल | मण्डनदेउपुर नगरपालिका | चा खोला | ५ | ४ | ९ | ० | ३ | ६ |
| ४ | रोशी खोला खाक्सि झोलुङ्गे पुल | नमोबुद्ध नगरपालिका | रोशी खोला | ४ | ३ | ७ | ० | ७ | ० |
| ५ | भण्डारे खोला झोलुङ्गे पुल | रोशी गाउँपालिका | भण्डारे खोला | ४ | ५ | ९ | १ | २ | ६ |
| ६ | गैर बगर झोलुङ्गे पुल | चौरीदेउराली गाउँपालिका | चौरी खोला | ५ | ४ | ९ | १ | ५ | ३ |
| ७ | भालुखोला स्टिल ट्रस पुल | चौरीदेउराली गाउँपालिका | भालु खोला | ४ | ३ | ७ | ० | ७ | ० |
| ८ | मैनाडाँडा फेदी झोलुङ्गे पुल | खानीखोला गाउँपालिका | चाउ खोला | ४ | ३ | ७ | ० | ७ | ० |
| ९ | नारायण खोला फेदी झोलुङ्गे पुल | खानीखोला गाउँपालिका | नारायण खोला | ४ | ३ | ७ | ० | ७ | ० |
| | | | जम्मा | ३७ | ३४ | ७१ | ३ | ४१ | २७ |

झोलुङ्गे पुल निर्माणबाट प्रत्यक्ष लाभान्वित हुने घरधुरी तथा जनसंख्या विवरण

| क्र. सं. | पुलको नाम | पुलको लम्बाई | जम्मा घरधुरी | लाभान्वित जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | दलित | जनजाति | ब्राम्हण/क्षेत्री/ठकुरी | जम्मा |
| १ | घट्टेखोला स्टिल ट्रस पुल | २४ | १३९ | ८३ | १८७ | ४९५ | ७६५ |
| २ | भुत्तेढुङ्गा स्टिल ट्रस पुल | ३२ | ५८२ | ४७३ | ९९६ | १७३३ | ३२०२ |
| ३ | गोथे खेत स्टिल ट्रस पुल | ३२ | ५१५ | ० | ९६३ | १८७१ | २८३४ |
| ४ | रोशी खोला खाक्सि झोलुङ्गे पुल | १०३ | ४२५ | ० | २३३८ | ० | २३३८ |
| ५ | भण्डारे खोला झोलुङ्गे पुल | ६७ | ५५० | ० | ३०२५ | ० | ३०२५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | गैर बगर झोलुङ्गे पुल | १०६ | १९५ | १२७ | ६८८ | २५९ | १०७४ |
| ७ | भालुखोला स्टिल ट्रस पुल | ३२ | २५५ | ० | १४०३ | ० | १४०३ |
| ८ | मैनाडाँडा फेदी झोलुङ्गे पुल | ९१ | ४२४ | ० | २३३८ | ० | २३३८ |
| ९ | नारायण खोला फेदी झोलुङ्गे पुल | ११७ | १७० | ० | ९३६ | ० | ९३६ |
| | **कूल जम्मा** | | **३२५५** | **६८३** | **१२८७४** | **४३५८** | **१७९१५** |

झोलुङ्गे पुल निर्माणको लागि लागत सहभागिता

| क्र.सं. | पुलको नाम | पुल निर्माणमा लागत सहभागिता | | | | |
|---|---|---|---|---|---|---|
| | | गाउँ/नगर पालिका | स्थानीय उपभोक्ता | **SWAp Central Contribution (CASH)** | **SWAp Central Contribution (Material Grant)** | कुल लागत |
| १ | घट्टेखोला स्टिल ट्रस पुल | २७२,५९३ | ४१,९३७ | १,७७४,१०२ | ० | २,०८८,६३२ |
| २ | भुत्तेढुङ्गा स्टिल ट्रस पुल | ४०९,३८२ | ६३,०८० | २,६९४,८५६ | ० | ३,१६७,३१८ |
| ३ | गोथे खेत स्टिल ट्रस पुल | ४५६७१३.२७ | ७०२६३.५८ | २९८६२०२.१२ | ० | **३५१३१७८.९७** |
| ४ | रोशी खोला खाक्सि झोलुङ्गे पुल | ७५६८१७.२२ | ११६४३३.४२ | ४४८४६४३.६ | ४६३७७६.७२ | **५८२१६७०.९६** |
| ५ | भण्डारे खोला झोलुङ्गे पुल | ५१०३९०.७१ | ७८५२१.६५ | ३०७३०८१.९४ | २६४०८८.०८ | **३९२६०८२.३८** |
| ६ | गैर बगर झोलुङ्गे पुल | ६७२४७६.३६ | १०३४५७.९ | ३८८१४०८.२८ | ५१५५५२.५२ | **५१७२८९५.०६** |
| ७ | भालुखोला स्टिल ट्रस पुल | ४६६६१९.२१ | ७१७८७.५७ | ३०५०९७१.७३ | ० | **३५८९३७८.५१** |
| ८ | मैनाडाँडा फेदी झोलुङ्गे पुल | ५७३६२४.७८ | ८८२४९.९७ | ३३३७३६२.६७ | ४१३२६०.८८ | ४४१२४९८.३ |
| ९ | नारायण खोला फेदी झोलुङ्गे पुल | ६९२१०५.८१ | १०६४७७.८२ | ३९७४८३६.८२ | ५५०४७०.३६ | **५३२३८९०.८१** |
| | **कूल जम्मा** | **४,८१०,७२२.३६** | **७४०,२०८.९१** | **२९,२५७,४६५.१६** | **२२०७१४८.५६** | **३७,०१५,५४४.९९** |

### ६.० दोलखा जिल्लामा झोलुङ्गे पुल उप-क्षेत्र कार्यक्रम अन्तर्गत संचालित गतिविधिहरु :

दोलखा जिल्लाको ८ वटा स्थानीय तहहरु भिमेश्वर, जिरी नगरपालिका र कालिञ्चोक, बिगु, गौरीशंकर, बैतेश्वर, तामाकोशी र शैलुङ गाउँपालिका कार्यालय र दिगो विकासका लागि नागरिक मञ्च (सिविक फोरम), काभ्रेपलाञ्चोक बीच दोलखा जिल्लामा झोलुङ्गे पुलको नियमित मर्मत सम्भार, बृहत मर्मत, छोटो तरिको झोलुङ्गे पुलको नयाँ निर्माण तथा फलामे स्टिल ट्रस पुलको निर्माण तथा पहुँच मार्ग (Access Trail) निर्माणमा समुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग प्रदान गर्नको लागि भएको दुई पक्षीय कार्य प्रत्यायोजन सम्झौता अनुसार आ.व.२०८१/०८२ मा समुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग प्रदान गर्ने कार्य भएको छ ।

### ६.१ आ.व.२०८१/०८२ मा झोलुङ्गे पुलहरु निर्माणमा सहयोग

स्थानीय तहहरुबाट आ.व.२०८१/०८२ मा सिविक फोरम संस्थालाई झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत तपसिलका पुल निर्माणमा समुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग प्रदान गर्नको लागि प्राप्त कार्यादेश अनुसार झोलुङ्गे पुलहरु निर्माणको लागि उपभोक्ता समिति मार्फत समुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग प्रदान गरिएको छ । निर्माण कार्य सम्पन्न भएका र क्रमागत पुलहरुको विवरण निम्नानुसार रहेको छ ।

झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिको विवरण

| क्र.सं. | पुलको नाम | ठेगाना | खोलाको नाम | उपभोक्ता समितिको संख्या | | | उपभोक्ता समितिमा प्रतिनिधित्व संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा | दलित | जनजाति | ब्राम्हण/क्षेत्री/ठकुरी |
| १ | हात्तिछहरा झोलुङ्गे पुल | भिमेश्वर नगरपालिका | घट्टेखोला | ५ | ४ | ९ | ० | ६ | ३ |
| २ | कैजले स्टिल ट्रस पुल | भिमेश्वर नगरपालिका | कैजलेखोला | ३ | ४ | ७ | ० | ० | ७ |
| ३ | वराङखोला पँधेली झोलुङ्गे पुल | विगु गाउँपालिका | वराङखोला | ३ | ४ | ७ | १ | २ | ४ |
| ४ | पुला खोला झोलुङ्गे पुल | भिमेश्वर गा.पा.-१ | पुला खोला | ४ | ३ | ७ | १ | ५ | १ |
| ५ | कुथली खोला झोलुङ्गे पुल | भिमेश्वर गा.पा.-१ | कुथली खोला | ६ | ५ | ११ | १ | ७ | ३ |
| ६ | भुत छहरा स्टिल ट्रस पुल | भिमेश्वर गा.पा.-७ | भुत छहरा खोला | ६ | ५ | ११ | १ | १ | ९ |
| ७ | सुलिस खोला स्टिल ट्रस पुल | भिमेश्वर गा.पा.-९ | सुलिस खोला | ६ | ५ | ११ | ० | ७ | ४ |
| ८ | भारती खोला झोलुङ्गे पुल | विगु गा.पा.-२ र ३ जोड्ने | भारती खोला | ४ | ३ | ७ | १ | २ | ४ |
| ९ | दोपाटार झोलुङ्गे पुल | गौरीशंकर गा.पा.-७ र ८ जोड्ने | खारे खोला | ४ | ३ | ७ | ० | ७ | ० |
| १० | टासिनाम झोलुङ्गे पुल | गौरीशंकर गा.पा.-९ | गुम्बा खोला | ४ | ३ | ७ | १ | ५ | १ |
| ११ | बतासे खोला स्टिल ट्रस पुल | तामाकोशी गा.पा.-२ | बतासे खोला | ४ | ३ | ७ | १ | १ | ५ |
| १२ | झाके खोला स्टिल ट्रस पुल | तामाकोशी गा.पा.-७ र जिरी न.पा.-९ | झार्के खोला | ४ | ३ | ७ | १ | ६ | ० |
| १३ | घट्टे खोला स्टिल टस पुल | तामाकोशी गा.पा.-१ | घट्टे खोला | ४ | ३ | ७ | १ | २ | ४ |
| | | | **जम्मा** | ५७ | ४८ | १०५ | ९ | ५१ | ४५ |

झोलुङ्गे पुल निर्माणबाट प्रत्यक्ष लाभान्वित हुने घरधुरी तथा जनसंख्या विवरण :

| क्र.सं. | पुलको नाम | पुलको लम्बाई | जम्मा घरधुरी | लाभान्वित जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | दलित | जनजाति | ब्राम्हण/क्षेत्री/ठकुरी | जम्मा |
| १ | हात्तिछहरा झोलुङ्गे पुल | ४९ | २१३ | ० | ७३५ | ३६७ | ११०२ |
| २ | कैजले स्टिल ट्रस पुल | २८ | ३५० | १८२ | ० | १७४४ | १९२६ |
| ३ | वराडखोला पँधेली झोलुङ्गे पुल | ५५.६ | २१९ | २४३ | ४२२ | १२०२ | १८६७ |
| ४ | पुला खोला झोलुङ्गे पुल | ५९ | ६७६ | २७ | ३५२० | १७० | ३७१७ |
| ५ | कुथली खोला झोलुङ्गे पुल | ६४ | १५७४ | २७५ | ७१५० | १२३५ | ८६६० |
| ६ | भुत छहरा स्टिल ट्रस पुल | ३२ | २५४ | २२० | ५० | ११३० | १४०० |
| ७ | सुलिस खोला स्टिल ट्रस पुल | २८ | ८७५ | ० | ३४३८ | १३७५ | ४८१३ |
| ८ | भारती खोला झोलुङ्गे पुल | ५५.५ | ५१३ | ९२ | ७४० | ८७० | १७०२ |
| ९ | दोपाटार झोलुङ्गे पुल | ८३ | २२० | ० | १२१० | ० | १२१० |
| १० | टासिनाम झोलुङ्गे पुल | ७३ | ६१२ | १२ | १३९० | ३६ | १४३८ |
| ११ | बतासे खोला स्टिल ट्रस पुल | २४ | ४१५ | १३६ | ४८२ | १३९२ | २०१० |
| १२ | झाके खोला स्टिल ट्रस पुल | २८ | ३१४ | ६० | ४८१ | २७६ | ८१७ |
| १३ | घट्टे खोला स्टिल टस पुल | २८ | ५०८ | ३६० | ६०० | १०७२ | २०३१ |
| | **कूल जम्मा** | | **६७४३** | **१६०७** | **२०२१८** | **१०८६९** | **३२६९३** |

झोलुङ्गे पुल निर्माणको लागि लागत सहभागिता :

| क्र.सं. | पुलको नाम | पुल निर्माणमा लागत सहभागिता | | | | |
|---|---|---|---|---|---|---|
| | | गाउँ/नगर पालिका | स्थानीय उपभोक्ता | **SWAp Central Contribution (CASH)** | **SWAp Central Contribution (Material Grant)** | कुल लागत |
| १ | हात्तिछहरा झोलुङ्गे पुल | ५००,३३३ | ७६,९७४ | ३,०७७,४७२ | १९३,९३७ | ३,८४८,७१८ |
| २ | कैजले स्टिल ट्रस पुल | ४३६,७०१ | ६७,१८४ | २,६७५,७९० | १७९,५६४ | ३,३५९,२४१ |
| ३ | वराडखोला पँधेली झोलुङ्गे पुल | ५८४,३३५ | ७१,३३५.५३ | २,९११,१०५ | ० | ३,५६६,७७६ |
| ४ | पुला खोला झोलुङ्गे पुल | ४५१,६०५ | ६९,४७८ | २,७५५,८५६ | १९६,९४५ | ३,४७३,८८४ |
| ५ | कुथली खोला झोलुङ्गे पुल | ५४४,३१४ | ८३,७४१ | ३,२९९,७८० | २५९,१९८ | ४,१८७,०३३ |
| ६ | भुत छहरा स्टिल ट्रस पुल | ४११,३०८ | ६३,२७८ | २,६८९,३२१ | ० | ३,१६३,९०८ |
| ७ | सुलिस खोला स्टिल ट्रस पुल | ३९१,८४२ | ६०,२८३ | २,५६२,०४५ | ० | ३,०१४,१७१ |
| ८ | भारती खोला झोलुङ्गे पुल | ४०९,२५९ | ६२,९६३ | २,४५१,८१८ | २२४,१०६ | ३,१४८,१४५ |
| ९ | दोपाटार झोलुङ्गे पुल | ६२९,३०३ | ९६,८१६ | ३,७२८,७३४ | ३८५,९३६ | ४,८४०,७८९ |
| १० | टासिनाम झोलुङ्गे पुल | ५८०,५१८ | ८९,३१० | ३,५२१,४०३ | २७४,२८९ | ४,४६५,५२० |
| ११ | बतासे खोला स्टिल ट्रस पुल | ४४६,६४९ | ६८,७१५ | २,९२०,३९८ | ० | ३,४३५,७६२ |
| १२ | झाके खोला स्टिल ट्रस पुल | ४४६,४४३ | ६८,६८४ | २,९१९,०५१ | ० | ३,४३४,१७७ |
| १३ | घट्टे खोला स्टिल टस पुल | ३९७,१६० | ६१,१०२ | २,५९६,८१५ | ० | ३,०५५,०७७ |
| | **कूल जम्मा** | **६,२२९,७७०** | **९३९,८६३.५३** | **३८,१०९,५८८** | **१,७१३,९७५** | **४६,९९३,२०१** |

काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल नगरपालिका, वडा नं.९, झिँगु खोलामा निर्माण सम्पन्न
झिँगु डाँफे खोला दोभान स्टिल ट्रस पुल





दोलखा जिल्लाको कालिञ्चोक गाउँपालिका, वडा नं.६, हुरहरे खोलामा निर्माण सम्पन्न हुरहुरेखोला झोलुङ्गे पुल



